# जागृति वचत तथा ऋण सहकारी संस्था लि.इलाम

## साधारण सभा संचालन निर्देशिका

कार्यविधि-२०७७

# जागृति वचत तथा ऋण सहकारी संस्था लि.इलाम
## साधारण सभा संचालन निर्देशिका
## कार्यविधि-२०७७

प्रस्तावना:

सहकारी संस्थालाई व्यवस्थित रुपमा संचालन गर्न तथा सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रणको मुल सिद्धान्त अवलम्बन गरी प्रजातान्त्रिक अभ्यासमार्फत साधारण सभा तथा निर्वाचन गरि संस्थालाई शेयर सदस्यहरुद्वारा निर्वाचित पदाधिकारीहरु मार्फत प्रजातान्त्रिक तवरबाट संस्था संचालन गर्न सञ्चारलक समिति र लेखा तथा सुपरीवेक्षण समिति गठन गर्न यो साधारण सभा संचालन निर्देशिका कार्यविधि-२०७७ तयार गरि १७ औं साधारण सभाबाट पारित गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:

क. यस कार्यविधिको नाम जागृति वचत तथा ऋणसहकारी संस्था लि.को "साधारण सभा संचालन कार्यविधि निर्देशिका -२०७७" हुनेछ ।

ख. यो कार्यविधि संस्थाको साधारणसभा तथा सञ्चालक समिति र लेखा तथा सुपरीवेक्षण समितिको निर्वाचनको लागि प्रयोग गरिनेछ ।

ग. यो कार्यविधि साधारणसभाबाट पारित भएपछि तुरुन्त लागू हुनेछ ।

२. परिभाषा:

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क. "संस्था" भन्नाले "जागृति वचत तथा ऋण सहकारी संस्था लि" लाई सम्झनु पर्दछ ।

ख. "विनियम" भन्नाले संस्थाको विनियम २०५९ र त्यसपछिको संशोधन २०७४ लाई सम्झनु पर्दछ ।

ग. "निर्वाचन" भन्नाले यस संस्थाको सञ्चालक समिति र लेखा तथा सुपरीवेक्षण समितिको निर्वाचनलाई सम्झनु पर्दछ र यो शब्दले उप-निर्वाचनलाई समेत जनाउँदछ ।

घ. "निर्वाचन समिति" भन्नाले सञ्चालक समितिले गठन गरेको निर्वाचन समितिलाई जनाउँदछ ।

ङ. "निर्वाचन अधिकृत" भन्नाले सञ्चालक समितिले निर्वाचन प्रमुखको रुपमा तोकेको व्यक्तिलाई सम्झनु पर्दछ ।

च. "मतदान" भन्नाले यस नीतिको (२) ग का समितिहरुका पदहरुको निर्वाचन गोप्य मतदानद्वारा गर्ने कार्यलाई सम्झनु पर्दछ ।

छ. "मतदान अधिकृत" भन्नाले निर्वाचन अधिकृतले मतदानको कार्य सञ्चालन गर्न तोकेको व्यक्तिलाई सम्झनु पर्दछ ।

ज. "मतदाता" भन्नाले विनियम अनुसार संस्थामा आवद्ध भएका शेयर सदस्यहरुलाई सम्झनु पर्दछ ।

झ. "उम्मेदवार" भन्नाले यस संस्थाको विनियममा तोकिएको सञ्चालक समिति र लेखा तथा सुपरीवेक्षण समितिका पदहरुमा उम्मेदवार हुन योग्यता पुरा भएका प्रतिनिधिहरुलाई सम्झनु पर्दछ ।

ञ. "पद" भन्नाले संस्थाको विनियममा तोकिएको समितिहरुको पदहरुलाई सम्झनु पर्दछ ।

३. साधारणसभाको बैठकको सुचना :

१. हरेक वर्षको पौष महिना भित्रमा सम्पन्न गरिनेछ,

२. बैठकको सूचना २१ दिन अगाडि नै सदस्यहरूलाई दिनुपर्ने छ,

३. साधारणसभाको सूचनासँगै वार्षिक प्रतिवेदनहरू र छलफलका विषयहरूसहितको पुस्तिका ७ दिन अगावै समुहका प्रतिनिधिमार्फत संस्थाले उपलब्ध गराउने छ तथा सदस्यहरूले संस्थामा आई सो प्रतिवेदन बुझिलिन सक्ने छन्,

४. कार्यालयको सूचना पाटी र सेवाक्षेत्रका सार्वजनिक चोकहरूमा समेत साधारणसभाको सूचना टाँस गरिने छ साथै स्थानीय सञ्चार माध्यमहरू मार्फत प्रकाशन, प्रसारण गरिने छ,

५. सदस्यहरूले आवश्यक सुझाव लिखित रूपमा दर्ता गराउनुपर्ने छ,

६. साधारणसभाको अध्यक्षता समितिको अध्यक्षले, अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित संचालक सदस्यहरूमध्येबाट जेष्ठ सदस्यले गर्ने छन । साधारणसभाको कुनै विषयमा निर्णय गर्दा मत बराबर भएमा सभाध्यक्षले निर्णायक मत दिने छन ।

४. विशेष साधारणसभा :

निम्न अवस्थामा बिशेष साधारण सभा बोलाउनुपर्ने छ ।

१. कुल सदस्य सङ्ख्याको १५ प्रतिशत सदस्यहरूले लिखित अनुरोध गरेमा वा रजिस्ट्रारको कार्यालयमा निवेदन दिई निर्देशन प्राप्त भएमा,
२. लेखापरीक्षकले कारण देखाई सञ्चालक समितिसमक्ष लिखित अनुरोध गरेमा,
३. लेखा सुपरिवेक्षण समितिले खास विषयमा छलफल गर्न विशेष साधारणसभा बोलाउन लिखित अनुरोध गरेमा,
४. संस्थाको हितलाई ध्यान दिई गम्भीर समस्या वा विषयमा छलफल र निर्णय गर्नुपर्ने अवस्था देखी अध्यक्षले लिखित अनुरोध गरी २ हप्ताभित्र विशेष साधारणसभा बोलाउन सक्ने छ,
५. कुनै सञ्चालकले उचित कारण खोली विशेष साधारणसभा बोलाउन माग गरेको प्रस्ताव सञ्चालक समितिद्वारा पारित भएमा,
६. प्रशस्त कारण हुँदाहुँदै पनि अध्यक्षले अनुरोधको कार्यान्वयन नगरेमा लेखा सुपरिवेक्षण समितिले १५ दिनभित्र साधारणसभाको बैठक बोलाउन सक्ने छ,
७. उपर्युक्त बमोजिम माग भएको विशेष साधारणसभा सञ्चालक समितिले ३५ दिनभित्र पनि नबोलाएको खण्डमा संस्थाको जम्मा सदस्य सङ्ख्याको १५ प्रतिशत सदस्यहरूले सम्बन्धित रजिस्ट्रारको कार्यालयलाई विशेष साधारणसभा बोलाउन लिखित रूपमा अनुरोध गरेमा रजिस्ट्रारको कार्यालयले सञ्चालक समितिलाई विशेष साधारणसभा बोलाउन निर्देशन जारी गर्न सक्ने छ । साधारणसभा बोलाउन दिइएको निर्देशनको बेवास्ता गरेमा सम्बन्धित कार्यालयले विशेष साधारणसभा बोलाउने छ,
८. कुनै पनि विशेष साधारणसभा भएको ६ महिना नबित्दै अर्को विशेष साधारणसभाका लागि अनुरोध गर्न पाइने छैन,
९. विशेष साधारणसभामा निर्धारित विषयमा मात्र छलफल हुने छ ।

५. साधारणसभाका सहभागी :

१. सम्पूर्ण सदस्यहरु साधारणसभाका सहभागी हुनेछन् तर संचालक तथा लेखा समितिको निर्वाचन कार्यक्रममा अघिल्लो आ.व. को असार मसान्त सम्मका सदस्यहरु मात्र सहभागी हुन पाउनेछन ।
२. सङ्घसंस्था सदस्य रहेको हकमा संस्थाले तोकिपठाएको आधिकारिक व्यक्ति साधारणसभाको प्रतिनिधि हुने छ ।
३. कुल प्रतिनिधि सङ्ख्याको ५१ प्रतिशत उपस्थितिमा साधारणसभा सञ्चालन हुने छ । प्रथम पटक बोलाएको साधारणसभामा गणपूरक सङ्ख्या नपुगेमा ७ दिनभित्र पुन: साधारणसभा बोलाउनुपर्ने छ । यस पटक सभा बोलाउँदा सञ्चालक समितिको बहुमत सहित कुल प्रतिनिधि सङ्ख्याको एक तिहाई मात्र सदस्यहरू उपस्थित भएमा मात्र पनि साधारणसभा हुने छ ।
४. साधारणसभामा उपस्थित सदस्यहरूको आधिकारिक दर्तासूचीअनुसार सभा अध्यक्षले गणपूरक सङ्ख्याको घोषणा गर्ने छ,
५. माथि उल्लेखत गरिएअनुसारको गणपूरक सङ्ख्याका आधारमा सम्भव भएसम्म सर्वसम्मत निर्णय हुनेछ सर्वसम्मत हुन नसकेको अवस्थामा बहुमतद्वारा साधारणसभाको निर्णय गरिने छ,
६. संस्थाको विनियममा संशोधन गनुपर्ने अवस्थामा कम्तीमा ५१ प्रतिशत साधारणसभामा उपस्थित सदस्यहरूमध्ये २ तिहाइ बहुमतका आधारमा निर्णय लिनुपर्दछ । यसरी संशोधन गरिएको विनियम सम्बन्धित निकायले प्रमाणित गरेपछि मात्र लागु हुनेछ ।

६. साधारणसभाको कार्यक्रम :

साधारण सभाको कार्यक्रम निम्नानुसार हुने छ :

१. अध्यक्षद्वारा कार्यक्रम सुरु,
२. सचिवद्वारा उद्घोषण, माइन्युट हस्ताक्षर कमिटी गठन,

३. अध्यक्षद्वारा संस्थाको प्रगति प्रतिवेदन प्रस्तुत र वार्षिक कार्ययोजना प्रस्तुत,
४. सभासद्हरूद्वारा प्रस्तुत प्रतिवेदन तथा कार्ययोजनामा छलफल र पारित,
५. कोषाध्यक्षद्वारा आर्थिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन र अनुमानित वार्षिक बजेट प्रस्तुत,
६. सभासद्हरूद्वारा छलफल र पारित,
७. लेखा सुपरिवेक्षण समितिका संयोजकद्वारा लेखा प्रतिवेदन प्रस्तुत,
८. सभासद्हरूद्वारा छलफल र पारित,
९. लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने निर्णय,
१०. नीतिहरूको अनुमोदन,
११. विनियम संशोधन (विनियम संसोधन प्रस्ताव भएमा)
१२. अन्य आवश्यक प्रस्तावहरूमाथि छलफल र पारित,
१३. सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन, (निर्वाचन गर्नुपर्ने वर्ष मात्र वा पद रिक्त रहेको अवस्थामा)
१४. निर्वाचन परिणाम घोषणा,
१५. सपथ ग्रहण,
१६. सभा विसर्जन,

७. साधारणसभाको काम, कर्तव्य र अधिकार :

साधारण सभाका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

१. आवधिक रुपमा संचालक समिति र लेखा सुपरिवेक्षण समितिको विघटन र निर्वाचन गर्ने,
२. सहकारी ऐन नियमको अधीनमा रही विनियम संशोधनको प्रस्तावउपर छलफल गरी निर्णय गर्ने,
३. सञ्चालक समितिले पेस गरेको वार्षिक कार्यक्रम र बजेट उपर छलफल गरी स्वीकृति प्रदान गर्ने र प्रगति प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन, वार्षिक लेखा परिक्षण प्रतिवेदन, स्थिति विवरणपत्र र आर्थिक विवरणहरूमा समीक्षा गर्ने र पारित गर्ने,
४. वार्षिक हिसाब जाँच गराउन लेखापरीक्षक नियुक्ति गरी पारिश्रमिक तथा सुविधा निर्धारण गर्ने,
५. विनियम बमोजिम सेयर लाभांश वितरण गर्ने निर्णय गर्ने,
६. सञ्चालक समितिले तयार गरेका नीतिहरू अनुमोदन गर्ने,
७. साधारणसभामा अध्यक्षले पेस गर्ने अन्य कुनै प्रस्तावमाथि राय तथा विचार व्यक्त गर्ने,
८. रजिस्ट्रार वा निजबाट अधिकारप्राप्त अधिकारीले संस्थामा गरेको निर्णय र सोधपुछ प्रतिवेदनउपर छलफल गर्ने,
९. अध्यक्ष र लेखा सुपरिवेक्षण समितिका संयोजकको राजीनामामा स्वीकृति गर्ने र रिक्त पदमा निर्वाचन गर्ने,
१०. सञ्चालक समितिलाई मार्गदर्शन गर्ने,
११. सदस्य निष्कासनसम्बन्धमा समितिले गरेका निर्णय पुनरावेदन सुन्ने,
१२. संस्थाको विभाजन, एकीकरण, विघटनसम्बन्धी निर्णय गर्ने,

८. साधारणसभाको निर्णय पुस्तिका :

साधारणसभा प्रस्तुत विषयहरूको निर्णय प्रक्रिया र निर्णयहरूलाई समावेश गरी निर्णय पुस्तिका तयार गरिने छ । निर्णय पुस्तिकामा सभाको अध्यक्षले बन्द हस्ताक्षर गर्ने छ साथै साधारणसभाबाट निर्णय पुस्तिका हस्ताक्षर गर्नका लागि मनोनयन गरिएका कम्तीमा १५ जना सदस्यहरूले समेत हस्ताक्षर गर्ने छन् । विनियम संशोधन प्रस्ताव पारित हुने साधारणसभामा उपस्थित गणपूरक सङ्ख्याको दुई तिहाइ सदस्यहरूले हस्ताक्षर गरेको हुनुपर्ने छ ।

९. निर्वाचन समितिको गठन र कार्यविधि :

सञ्चालक समितिले कार्यसमिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्न १ निर्वाचन समिति साधारण सभा भन्दा ४५ दिन अगावै बैठकद्वारा गठन गरिने छ । उक्त समितिमा प्रचलित कानुनले अयोग्य ठहर नभएका सहकारी विभाग वा रजिस्ट्रारको कार्यालयका प्रतिनिधि वा विषयगत सङ्घका प्रतिनिधि वा संस्था

रहेको स्थानका स्थानीय बहालवाला कर्मचारी वा सामुदायिक विद्यालयका स्थायी शिक्षक वा मान्यताप्राप्त कानुन व्यवसायीको संयोजकत्वमा एक जना सदस्यसहित सञ्चालक समितिले मनोनयन गरेका २ जना सदस्य रहने छन् । जसले साधारणसभाभन्दा १५ दिनअगाडिदेखि निर्वाचनसम्बन्धी कार्यहरू प्रारम्भ गर्न सक्ने छन् र साधारणसभाका दिन निर्वाचनका सबै कार्यहरू सम्पन्न गर्ने छन् ।

१०. निर्वाचन समितिको काम, कर्तव्य र अधिकार :

क) मतदाता नामावली संकलन गरी प्रकाशन गर्ने

ख) मतपत्र तयार गर्ने

ग) मतपेटिका व्यवस्था गर्ने

घ) मत संकलनको व्यवस्था गर्ने

ङ) मतदान केन्द्रको व्यवस्था गर्ने

च) मतदान सम्बन्धी कुनै प्रकारको उजुर पर्न आएमा जाँच गरी अन्तिम निर्णय दिने

छ) रीत नपुगेको उम्मेदवारी पत्र बदर गर्ने

ज) मतगणना गर्ने र निर्वाचन परिणाम घोषणा गर्ने

झ) निर्वाचित सदस्यहरुलाई शपथ गहण गराउने

ञ) निर्वाचित उम्मेदवारलाई प्रमाण पत्र दिने

ट) निर्वाचन सम्बन्धी व्याख्या गर्ने, निर्णय दिने र अन्य आवश्यक कार्यहरु गर्ने, गराउने

ठ) निर्वाचन सम्बन्धमा कुनै बाधा अड्काउ परेमा निर्वाचन समितिले बाधा अडकाउ फुकाउनेछ

ड) निर्वाचन समितिको निर्णय बहुमतबाट हुनेछ । सदस्यहरुबीच मत बाझिएमा अधिकृतले दिएको मत निर्णायक हुनेछ ।

११. निर्वाचन कार्यक्रमको सुचना प्रकाशित गर्ने:

सञ्चालक समिति वा लेखा तथा सुपरीवेक्षण समितिको पदाधिकारीहरुको निर्वाचनको लागि २१ दिन अगावै सञ्चालक समितिको बैठक बसी अनुसूचि १ को ढाँचा अनुसार निर्वाचनको सूचना संस्थाको सूचना पाटीमा प्रकाशित गरिनेछ ।

१२. मतदाता नामावली प्रकाशित गर्ने:

निर्वाचन गराउने दिनको प्रारम्भमा अनुसूचि २ बमोजिमको ढाँचामा मतदाता नामावली प्रकाशित गरिनेछ र सो को मुचुल्का अनुसूचि ३ को ढाँचा बमोजिम तयार गरिनेछ । छुटफुट भएको मतदाताको नाम थपघट गर्न मनासिब म्याद दिई थपघट गरिनेछ ।

१३. अन्तिम नामावली प्रकाशन गर्ने:

प्रकाशित नामावली उपर कुनै दावी विरोध, नाम, थर, उमेर, सदस्यता नं. छुट वा फरक परेमा मनासिब समय दिई सच्याउने व्यवस्था गरिनेछ साथै दाबी विरोधका लागि प्राप्त निवेदन माथि छानबिन गरी अनुसूचि २ बमोजिमको ढाँचामा अन्तिम मतदाता नामावली पुनः प्रकाशित गरिनेछ ।

१४. उम्मेदवारबाट दरखास्त लिने:

क) संस्थाको तोकिएको उम्मेदवारको लागि दरखास्त दिन योग्यता पुगेको व्यक्ति वा प्रतिनिधिले अनुसूचि ४ बमोजिमको ढाँचामा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सदस्य र लेखा संयोजक र सदस्यका लागी उमेद्वारी शुल्क(पदाधिकारीको लागि रु १०००। सदस्यको लागि रु. ५००।-) र जमानत बापत रु. २०००।- बुझाउनुपर्नेछ । कुल खसेको मतको १०% भन्दा कम मत प्राप्त गर्ने उम्मेदवारको जमानत फिर्ता गरिने छैन । उमेद्वारी फिर्ता दिदा दरखास्त दस्तुर र जमानत दस्तुर फिर्ता दिईनेछ ।

ख) उम्मेदवारको लागि दरखास्त दिंदा १ जना प्रस्तावक र १ जना समर्थकको सही भएको हुनुपर्नेछ । तर कुनै उम्मेदवारको लागि एक पटक प्रस्तावक वा समर्थक भएपछि अर्को उम्मेदवारको लागि प्रस्तावक वा समर्थक बन्न पाउने छैन ।

देहायको व्यक्ति उम्मेदवारको लागि योग्य मानिनेछ ।

क) संस्थाको शेयर सदस्यता प्राप्त गरेको तिन वर्ष पूरा भएको,
ख) उम्मेदवारी दिने समयमा संस्थाबाट लिएको ऋणको भाखा ननाघेको,
ग) साधारण सभाको मितिसम्म नियमित बचत लगातार गरिरहेको,
घ) अन्य प्रारम्भिक संस्थाको समितिहरुमा सञ्चालक समिति र लेखा तथा सुपरीवेक्षण समितिको सदस्य तथा कर्मचारी नरहेको,
ङ) एउटै स्थानिय तहमा संचालित सोहि प्रकृतिको सहकारीको शेयर सदस्य नरहेको ।
च) संस्थाको सम्पत्ति हिनामिना गरी बेरुजु नभएको,
छ) मानसिक सन्तुलन ठीक भएको,
ज) फौजदारी अभियोग नलागेको,
झ) बैंक तथा अन्य वित्तिय संस्थाको कालो सुचिमा नपरेको,
ञ) अध्यक्ष र लेखा संयोजक पदमा उम्मेदवारी दिन कम्तीमा एक अवधि सञ्चालक, लेखा सुपरिवेक्षण समितिमा वा अन्य स्थायी प्रकृतिको उप समितिमा रही सकृय रुपमा काम गरेको ।

१५. उम्मेदवारको नामावली प्रकाशन:
निर्वाचन अधिकृतले प्राप्त दरखास्त जाँच गरी उम्मेदवारहरुको नामावली अनुसूची ५ बमोजिमको ढाँचामा तयार गरी प्रकाशित गर्नेछ ।

१६। उम्मेदवार उपर दाबी विरोध र नाम फिर्ता:
उम्मेदवारको दावी विरोध र नाम फिर्ता लिन निश्चित समय दिइनेछ ।
क) तोकिएको समय भित्र दरखास्त दिने उम्मेदवारहरुको सम्बन्धमा कुनै दावी विरोध भएमा अनुसूचि ६ बमोजिमको ढाँचामा दरखास्त पेश गर्न सकिनेछ । यसै दफा अनुसार प्राप्त दावी विरोधका दरखास्तहरु छानबिन गरी वर्णानुक्रम अनुसार उम्मेदवारहरुको नामावली प्रकाशित गरिनेछ ।
ख) तोकिएको समय भित्र दरखास्त दिने उम्मेदवारले नाम फिर्ता लिन चाहेमा अनुसूचि ७ बमोजिमको ढाँचामा दरखास्त पेश गरेको आधारमा निर्वाचन समितिले वर्णानुक्रम अनुसार उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशित गरिनेछ ।
निम्न अवस्थामा उमेदवारीपत्र अमान्य हुने छ :

१. सहकारीमा कर्मचारी भई काम गरिरहेको अवस्थामा,
२. त्यही कार्यक्षेत्रको कुनै सहकारीको निर्वाचित पदमा रहेको भएमा,
३. यसभन्दा अगाडि विनाकारण लगातार ३ पटकभन्दा बढी समितिको बैठकमा अनुपस्थित रही समितिबाट निकालिएको,
४. नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोग प्रमाणित भएको भएमा,
५. २५ वर्षभन्दा कम र ७० वर्षभन्दा बढी उमेर भएमा,
६. उमेदवारी दिने महिनासम्मको नियमित बचत नबुझाएको भएमा,
७. एउटै स्थानिय तहमा संचालित सोहि प्रकृतिको सहकारीको शेयर सदस्य रहेको,
८. संस्थाको कुनै पनि पुँजी वा सम्पत्ति बाँकी बक्यौता रहेको भएमा,
९. संस्थाको सदस्य भएको तिन बर्षपूरा नभएको भएमा,
१०. एउटा उमेदवारको प्रस्तावक वा समर्थक बसेको व्यक्ति आफू उमेदवार भएमा,
११. निर्वाचन समितिमा रहेको व्यक्ति ,
१२. अध्यक्ष र लेखा संयोजक पदमा उम्मेदवारी दिन कम्तीमा एक अवधि सञ्चालक, लेखा सुपरिवेक्षण समितिमा वा अन्य स्थायी प्रकृतिको उप समितिमा रही काम नगरेको ।

ग) उमेद्वारी फिर्ता हुदा सबै पद वा आंसिक पदहरुमा सर्बसहमती भएका सो पदहरुमा निर्वाचित भएको घोषणा निर्वाचन समितिले गर्नेछ ।

१७. एक व्यक्ति एक पदको लागि उम्मेदवार हुन पाउने:
एउटा निर्वाचनमा एक व्यक्ति एउटा पदमा मात्र उम्मेदवार हुन पाउनेछ ।

१८) मत पत्र

मत पत्रलाई अनुसूची ८ बमोजिमको ढाँचामा तयार गरिनेछ । उक्त मतपत्रको बायाँपट्टिको खाली कोठामा वर्णानुक्रम अनुसार सम्बन्धित उम्मेदवारको नाम लेखिनेछ भने दायाँपट्टिको खाली कोठामा निर्वाचन समितिले व्यवस्था गरेको कलमले ठीक (✓) चिन्ह वा स्वस्तिक चिन्ह लगाई मत संकेत गरिनेछ ।

१९) मतदान केन्दमा प्रवेश निषेध

निर्वाचन अधिकृतले तोकेको व्यक्ति बाहेक अन्य कुनै व्यक्ति मतदान केन्द्रमा प्रवेश गर्न पाउने छैन ।

२०) प्रतिनिधि नियुक्तिः

कुनै उम्मेदवारले आफनो तर्फबाट निर्वाचनको मतदान कार्य तथा मतगणनाको रेखदेख गर्न मतदाताहरुमध्येबाट कुनै १ जनालाई प्रतिनिधि नियुक्ति गर्न चाहेमा अनुसूचि ९ मा तोकिएको ढाँचामा मतदान अधिकृत समक्ष निवेदन दिन सक्नेछ । मतगणना गर्ने समयमा उम्मेदवार स्वयं वा निजले तोकेको प्रतिनिधि उपस्थित नरहेमा पनि मतगणना गर्न बाधा पर्नेछैन ।

२१) मतपेटिकामा मतदान गर्ने

क) मतदानको लागि एउटा बाकस वा स्थानीय रुपमा उपलब्ध कुनै बट्टालाई मतपेटिकाको रुपमा प्रयोग गर्न सकिनेछ । मतदान शुरु हुनुभन्दा अघि उक्त रित्तो मतपेटिका उम्मेदवारहरु वा उनीहरुका प्रतिनिधि सामु खोलेर देखाई मत संकेत गर्ने गोप्य कोठाको बाहिर पट्टी सबैले देख्ने ठाउँमा राखिनेछ।

ख) मतपत्रमा मत संकेत गर्नको लागि एउटा गोप्य कोठा वा ठाउं बनाइनेछ ।

ग) मतदातालाई एक व्यक्ति एक मतको आधारमा मात्र मत दिन लगाइनेछ । मतदातालाई अरुको प्रतिनिधित्व गर्ने गरी मत खसाल्न दिइने छैन ।

घ) मतदाताले निर्वाचन अधिकृतसँग मतपत्र लिई उक्त कोठामा गई मत संकेत गरी बाहिर उक्त मतपत्र मतपेटिकामा खसालिनेछ ।

ङ) मतदान कार्य समाप्त भएपछि अनुसुचि १० को ढाँचा अनुसार मतदान समाप्त भएको मुचुल्का खडा गरिनेछ र त्यसपछि उपयुक्त ठाउँमा मतगणना गरिनेछ ।

२१) मतदान स्थगितः

मतदान कार्यमा विवाद भै मतदान कार्य हुन नसक्ने स्थिति भएमा निर्वाचन अधिकृतले सो कुरा प्रमाणित गरी निर्वाचन स्थगित गर्न सक्नेछ ।

२२) उमेद्वारी रद्घ गर्न सकिनेः

कुनै उमेद्वारले यस कार्यविधि उलंघन गरेमा,निर्वाचन बिथोल्ने प्रयास गरेमा वा बिथोलेमा विपक्षी उमेद्वारलाई डर त्रास देखाई प्रचार प्रसार गर्न नदिएमा वा उमेदारी फिर्ता लिन लगाएमा वा प्रयास गरेको प्रमाणित भएमा वा मतदातालाई स्वतन्त्र पूर्वक मत प्रयोग गर्न नसक्ने वातावरण सिर्जना गरेको प्रमाणित भएमा निर्वाचन समितिले निजको उमेद्वारी रद्घ गर्न सक्नेछ ।

२३) निर्वाचन प्रचार प्रसारः

निर्वाचन समितिले निर्वाचन शुरु गर्नु अघि उम्मेदवारहरुलाई प्रचार प्रसारको लागि केही समय दिनेछ । निर्वाचन शुरु भएपछि प्रचार प्रसार बन्द गरिनेछ ।

२४) सदर वा बदर मतपत्रः

क) मत संकेत गर्दा आफुले मत दिन चाहेको उम्मेदवारको नाम, स्वर भएको कोठाभित्र पर्ने गरी रेजा लगाउनुपर्दछ ।

ख) दुई उम्मेदवारको कोठाहरुमा पर्ने गरी रेजा लगाई २ मध्ये एकलाई मत दिएको हो भन्ने प्रष्ट नभएमा, मतपत्रमा रेजा नै नलगाएमा र निर्वाचन अधिकृतको सही नभएमा मतपत्रहरु बदर हुनेछ ।

ग) एक उम्मेदवारको कोठामा रेजा लगाएको तर रेजा धर्काको टुप्पो दोस्रो उम्मेदवारको कोठामा छुन पुगेको भएता पनि मत संकेत भने एकै उम्मेदवारलाई गरेको हो भन्ने प्रष्ट देखिएमा त्यस्तो मतपत्र सदर मान्नु पर्छ ।

घ) मतपत्र सदर वा बदर गर्ने बारे निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ ।

२५) निर्वाचन परिणाम घोषणा:

क) निर्वाचनको परिणाम अनुसूचि ११ बमोजिमको ढाँचामा मतगणना परिणाम मुचुल्का तयार पारी उम्मेदवारलाई वा उनीहरुको प्रतिनिधिहरुलाई सही गराई घोषणा गरिनेछ ।

ख) जुनसुकै पदको लागि जति उम्मेदवार खडा भएतापनि सबैभन्दा बढी मत प्राप्त गरी पहिलो हुने उम्मेदवारलाई बिजयी घोषित गरिनेछ ।

ग) समान किसिमका एकभन्दा बढी पदको लागि निर्वाचन गर्दा जति पदको लागि निर्वाचन भएको हो त्यति पदसम्ममा बढी मत प्राप्त गर्ने उम्मेदवारहरुलाई विजयी घोषित गरिनेछ ।

२६) निर्विरोध घोषणा गर्ने:

उम्मेदवारको संख्या निर्वाचन गर्ने पदको संख्या भन्दा बढी नभएमा निर्वाचन अधिकृतले निर्विरोध निर्वाचित भएको घोषणा गर्नेछ ।

२७) गोलाहाली निर्णय गर्ने:

मतगणनामा १ भन्दा बढी उम्मेदवारको मत बराबर भएमा गोला प्रथाद्वारा निर्णय गराई विजयी घोषणा गरिनेछ ।

२८) निर्वाचित भैसकेको भए पनि पद रिक्त भएको मानिने:

यस कार्यविधिको नियम १४ (ख) को योग्यता नपुगेको ब्यक्ति वा नियम २२ को कसुर गरेको ब्यक्ति कुनै पदमा निर्वाचित भैसकेको भए पनि पछि प्रमाणित भएमा सो पद रिक्त भएको मानिने छ ।

२९) चित्त नबुभनेले उजुर गर्न सक्ने:

निर्वाचन समितिबाट गराएको निर्वाचनमा यस नीति अनुसार रितपूर्वक भएन भनी साधारण सभा सकिएको ७ दिन भित्र निर्वाचनमा उम्मेदवार भएको कसैले स्थानिय निकायको सहकारी बिभागमा उजुरी गर्न सक्नेछ । ७ दिन पछाडि परेको उजुरी निवेदन उपर कुनै कार्यवाही गर्ने छैन ।

३०) कागजपत्र पेश गर्ने:

मतदान कार्यको समाप्ति र बिजयी उम्मेदवारको घोषणा गरी सकेपछि निर्वाचन अधिकृतले मतदान सम्वन्धी कागजातहरु संस्थाको कार्यालयमा बुझाउनुपर्नेछ ।

३१) प्रमाण पत्र दिने:

निर्वाचन अधिकृतले निर्वाचनमा विजयी उम्मेदवारलाई अनुसूची १२ बमोजिमको ढाँचामा प्रमाण-पत्र प्रदान गर्नेछ ।

३२) सपथ ग्रहण:

विजयी उम्मेदवारलाई निर्वाचन अधिकृतले विनियममा लेखिए अनुसारको ढाँचामा पदको सपथ ग्रहण गराउनेछ ।

३३) निर्णय गर्ने अधिकार :

निर्वाचन संग सम्वन्धि सबै निर्णय गर्ने अधिकार निर्वाचन समितिलाई रहने छ ।

## अनुसूचि-१

(निर्वाचन कार्यविधिको दफा ३ सँग सम्बन्धित)

जगृति वचत तथा ऋण सहकारी संस्था लि.ईलाम

निर्वाचन कार्यक्रम

| मिति | समय | कार्यक्रम |
|---|---|---|
| | | मतदाता नामावली प्रकाशन |
| | | छुट नाम दर्ता, सच्याउने वा हटाउने |
| | | अन्तिम नामावली प्रकाशन |
| | | उम्मेदवारी दर्ता |
| | | उम्मेदवारको नामावली प्रकाशन |
| | | दावी विरोध र उम्मेदवारी नाम फिर्ता |
| | | दावी विरोध उपर छानविन र उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन |
| | | मतदान कार्यक्रम |
| | | मतगणना |
| | | निर्वाचन परिणाम घोषणा र सपथ ग्रहण |
| कार्यक्रम समापन | | |

- निर्वाचन समिति

## अनुसूचि-२

(निर्वाचन नीतिको दफा ४ र ५ सँग सम्बन्धित)

मतदाता नामावली

जगृति वचत तथा ऋण सहकारी संस्था लि.ईलाम

मतदाता नामावली

| क.सं. | मतदाताको नाम | सदस्यता नं. | ठेगाना |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूचि-३

(निर्वाचन नीतिको दफा ४ सँग सम्बन्धित)

### मतदाता नामावली प्रकाशित गरेको मुचुल्का

जगृति बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समिति/लेखा तथा सुपरीवेक्षण समितिका पदहरुको मिति २० / / गतेको दिन हुने निर्वाचनको लागि संस्था अन्तर्गतका मतदाता नामावली मिति २० / / गतेका दिन हाम्रो रोहवरमा .................. ठाउँमा टाँसेको ठीक साँचो हो ।

रोहवरको सही

१. ....................................

२. ....................................

३. ....................................

४. ....................................

मिति: २० / /

..........................................................

मुचुल्का गराउने निर्वाचन अधिकृतको दस्तखत

## अनुसूचि - ४

(निर्वाचन नीतिको दफा ६ क सँग सम्बन्धित)

### उम्मेदवारी दरखास्त फाराम

मितिः २०/  /

श्री निर्वाचन अधिकृत ज्यू,
जगृति बचत तथा ऋण सहकारी संस्था लि. ईलाम

विषयः उम्मेदवारी दरखास्त सम्बन्धमा ।

*महोदय,*

जागृति बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समिति/लेखा तथा सुपरीवेक्षण समितिको ................... पदको निर्वाचनमा उम्मेदवार हुनको लागि जमानत स्वरुप रु. १००।- को यसै साथ संलग्न नगद दाखिला रसिद र निम्न प्रस्तावक एवं समर्थक समेत जुटाई यो उम्मेदवारी दरखास्त पेश गरेको छु ।

**प्रस्तावक**

नाम :

पद :

मतदाता क्रम संख्याः

हस्ताक्षर :

**समर्थक**

नाम :

पद :

मतदाता क्रम संख्या :

हस्ताक्षर :

भवदीय

उम्मेदवारको दस्तखत :

उम्मेदवारको नाम :

ठेगाना :

उमेर :

मतदाता क्रमसंख्या :

## अनुसूचि ५

(निर्वाचन नीतिको दफा ७ सँग सम्बन्धित)

### उम्मेदवारहरुको नामावली सुचि

जगृति बचत तथा ऋण संस्था लि. को सञ्चालक समिति र लेखा तथा सुपरीवेक्षण समितिको पदहरुको लागि मिति २० / / मा हुने निर्वाचनमा उम्मेदवार हुन निम्न लिखित व्यक्तिहरुले दरखास्त दिनु भएकोले सबैको जानकारीको लागि यो नामावली सूचि प्रकाशित गरिएको छ ।

| क.सं. | उम्मेदवारको नाम, थर | लिङ्ग | पद | मतदाता क्रम संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

मिति: २० / /

..............................

निर्वाचन अधिकृत

## अनुसूचि ६

(निर्वाचन नीतिको दफ ८ क सँग सम्वन्धित)

<u>उम्मेदवार उपर दावी विरोध</u>

मितिः २०/    /

श्रीमान् निर्वाचन अधिकृत ज्यू,
जगृति वचत तथा ऋणसहकारी संस्था लि.ईलाम

विषयः- <u>उम्मेदवार प्रति दावी विरोध ।</u>

*महोदय,*

यस जगृति वचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समिति/लेखा तथा सुपरीवेक्षण समितिको ................ पदको उम्मेदवार हुनु भएका श्री ................................ विनियम अनुसार ......................... कारणले सो पदको उम्मेदवार बन्न अयोग्य हुन् भएकोले निर्वाचन नियमावलीको दफा ९ ले दिएको अधिकार प्रयोग गरी निजको उम्मेदवारी प्रति मेरो विरोध भएकोले छानविन गरी पाउन अनुरोध छ ।

<u>भवदीय</u>

दस्तखतः

नामः

मतदाता नामावलीको क्रमसंख्याः

## अनुसूचि ७

(निर्वाचन नीतिको दफ ८ ख सँग सम्बन्धित)

<u>उम्मेदवारीबाट नाम फिर्ता</u>

मिति: २०/ /

श्रीमान् निर्वाचन अधिकृत ज्यू,
जगृति बचत तथा ऋण सहकारी संस्था लि.ईलाम

विषय:- <u>उम्मेदवारीबाट नाम फिर्ता</u>

महोदय,

यस जगृति बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समिति/लेखा तथा सुपरीवेक्षण समितिको ................ पदमा उम्मेदवारी दरखास्त दिएकोमा मलाई निर्वाचनमा प्रतिस्पर्धा गर्ने इच्छा नभएकोले मेरो उम्मेदवारी फिर्ता गरी पाउन अनुरोध छ ।

<u>भवदीय</u>

दस्तखत:

नाम:

मतदाता नामावलीको क्रमसंख्या

---

## अनुसूचि ८

(निर्वाचन नीतिको दफा १० सँग सम्बन्धित)

<u>मतपत्र</u>

जगृति बचत तथा ऋण बचत तथा ऋण सहकारी संस्था लि.

निर्वाचन हुने पद: ..............................

| क्र.सं. | उम्मेदवारको नाम, थर (वर्णानुक्रम अनसार) | मत संकेत गर्ने कोठा |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

मिति: २० / /

..........................................
निर्वाचन अधिकृतको दस्तखत

**अनुसूचि ९**

(निर्वाचन नीतिको दफा १२ सँग सम्बन्धित)

<u>प्रतिनिधि नियुक्त</u>

मितिः २०/ /

श्रीमान् निर्वाचन अधिकृतज्यू,
जगृति बचत तथा ऋण सहकारी संस्था लि. ईलाम

विषयः प्रतिनिधि मनोनयन सम्बन्धमा ।

*महोदय,*

यस जगृति बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समिति/लेखा तथा सुपरीवेक्षण समिति को ..................... पदमा म उम्मेदवार भएको र मेरो विशेष कामले गर्दा मतगणनाको समयमा उपस्थित हुन नसक्ने भएकोले श्री .................................... लाई मतदान कार्यको रेखदेख तथा मतगणना प्रतिनिधिको रुपमा नियुक्त गरेको छु । निजले मेरो तर्फबाट गरेको निर्वाचन सम्बन्धी काम कार्यवाहीमा मेरो मञ्जुरी छ ।

**भवदीय**
दस्तखतः
नामः
मतदाता नामावलीको क्रमसंख्याः

## अनुसूचि-१०

(निर्वाचन नीतिको दफा १३ ङ सँग सम्बन्धित)

### मतदान समाप्त भएको मुचुल्का

जगृति बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समिति र लेखा तथा सुपरीवेक्षण समितिका पदहरुमा भएको मतदान कार्य मिति २०   /   /   गतेको दिन ........ बजे शुरु भई ........... बजे सम्पन्न भएको ठीक साँचो हो ।

| क्र.सं. | उम्मेदवारको नाम, थर | दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

मिति: २०   /   /

.............................................................

मुचुल्का गराउने निर्वाचन अधिकृतको दस्तखत

## अनुसूचि-११
(निर्वाचन नीतिको दफा १७ सँग सम्बन्धित)

### मतगणना परिणाम मुचुल्का

जगृति बचत तथा ऋण सहकारी संस्था लि. को ................ समितिको ............. पदको निर्वाचनको मतगणना अनुसार मतदान भएको जम्मा ............. मतमध्ये .............. मत बदर भएको र ................. सदर मत मध्ये उम्मेदवारहरुले निम्न बमोजिम सदर मत प्राप्त गरेको हुँदा सोही बमोजिम घोषणा गरी यो मुचुल्का गरिदियौं ।

| उम्मेदवारको नाम थर | प्राप्त सदर मत | क्रम | विजयी | पराजित |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१) उम्मेदवार ............................ को प्रतिनिधि श्री ............................

२) उम्मेदवार ............................ को प्रतिनिधि श्री ............................

३) उम्मेदवार ............................ को प्रतिनिधि श्री ............................

स्थान:

मिति:

............................
निर्वाचन अधिकृत

**अनुसूचि - १२**
(निर्वाचन नीतिको दफा ९ सँग सम्बन्धित)
<u>प्रमाण - पत्र</u>

जगृति बचत तथा ऋण सहकारी संस्था लि.ईलाम

## प्रमाण- पत्र

श्री ............................................................ ले मिति २० / / मा भएको यस संस्थाको सञ्चालक समिति/लेखा तथा सुपरीवेक्षण समितिको ............... पदको निर्वाचनमा निर्विरोध/.............. मत प्राप्त गरी निर्वाचित हुनु भएकोले यो प्रमाण-पत्र प्रदान गरिएको छ।

| ............... | ...................... | ...................... |
|---|---|---|
| सदस्य | सदस्य | निर्वाचन अधिकृत |
| (निर्वाचन समिति) | (निर्वाचन समिति) | (निर्वाचन समिति) |

मिति: २० / / गते